# गाउँपालिका अनुदान शिक्षक व्यवस्थापन कार्यबिधि, २०८०

भाग-२ बर्ष-५ अंक-१ मितिः२०८०/१०/२५

# स्थानीय राजपत्र

गाउँ सभाबाट पारित मिति २०८०/१०/२५

## शान्तिनगर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## चिराघाट, दाङ

गाउँपालिका अनुदान शिक्षक व्यवस्थापन कार्यबिधि, २०८०

# गाउँपालिका अनुदान शिक्षक व्यवस्थापन कार्यबिधि, २०८०

**प्रस्तावनाः-** शान्तिनगर गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेका सामुदायिक विद्यालयमा न्युन दरबन्दी भई पठनपाठनमा समस्या उत्पन्न भएको कारण गाउँपालिकाबाट शिक्षकहरुको व्यवस्थापन मार्फत विद्यालयको शिक्षण सिकाई क्रियाकलापलाई थप ब्यबस्थित र प्रभाबकारी बनाउन स्थानीय सरकार सञ्चालन ऐन- २०७४ को दफा (११) को "ज" मा भएको ब्यबस्था कार्यान्वयन गर्न शान्तिनगर गाउँपालिकाको शिक्षा ऐन-२०७६ को दफा (३७) को उपदफा (५) (क) लाई व्यवस्थित गराउन बाञ्छनीय भएकोले शान्तिनगर गाउँ सभाले यो कार्यबिधि बनाई लागु गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**संक्षिप्त नाम प्रारम्भः-** १) यस कार्यबिधिको नामः गाउँपालिका अनुदान शिक्षक व्यवस्थापन कार्यबिधि,२०८० रहेको छ।

२) यो कार्यबिधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः-** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा,

क) **"ऐन"** भन्नाले शान्तिनगर गाउँ शिक्षा ऐन २०७६ लाई सम्झनुपर्छ।

ख) **"कार्यालय"** भन्नाले शान्तिनगर गाउँ कार्यपालिकाको कार्यालय लाई सम्झनु पर्दछ।

ग) **"शिक्षा शाखा "** भन्नाले शान्तिनगर गाउँ कार्यपालिकाको कार्यालयमा रहेको शिक्षा हेर्ने विषयगत शाखा सम्झनु पर्दछ।

घ) **"दरबन्दी"** भन्नाले सामुदायिक विद्यालयमा नेपाल सरकारबाट प्राप्त भएको स्वीकृत दरबन्दी सम्झनुपर्दछ र सो शब्दले अन्य अस्थायि प्रकृतिका अनुदान दरबन्दिलाई समेत बुझाउँछ।

ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गाउँ कार्यपालिकाको कार्यालय प्रमुख लाई सम्झनु पर्छ।

च) **"शिक्षा अधिकृत"** भन्नाले गाउँपालिकाको शिक्षा हेर्ने विषयगत शाखामा कार्यरत शिक्षा सेवाको अधिकृत कर्मचारीलाई सम्झनुपर्छ।

छ) **"प्रधानाध्यापक"** भन्नाले सामुदायिक विद्यालयको प्रधानाध्यापक वा सो काम गर्न तोकिएको शिक्षक सम्झनु पर्दछ।

ज) **"शिक्षक"** भन्नाले विद्यालयमा अध्यापन गर्न नियुक्त भएको अध्यापक सम्झनुपर्दछ।

झ) **"विद्यालय कर्मचारी"** भन्नाले शिक्षक बाहेकका प्रशासनिक कार्य गर्ने अन्य कर्मचारी सम्झनु पर्दछ साथै सो शब्दले विद्यालय सहायक (लेखा हेर्ने) कर्मचारी समेतलाई जनाउँछ ।

ञ) **"कामकाज"** भन्नाले गाउँपालिका अनुदानमा कार्यरत शिक्षकलाई निश्चित समयाबधि तोकेर वा अर्को व्यवस्था नहुञ्जेलको लागि कार्यरत विद्यालयबाट अर्को विद्यालयमा शिक्षणको लागि खटाउने कार्यलाई सम्झनु पर्दछ ।

ट) **"विद्यालय"** भन्नाले प्रचलित कानुन बमोजिम अनुमति वा स्विकृति लिई सञ्चालनमा रहेको सामुदायिक विद्यालयलाई सम्झनु पर्दछ ।

ठ) "**गाउँपालिका अनुदान**" भन्नाले विद्यालयको स्रोतवाट पारिश्रमिक पाउने गरी साविकमा विद्यालय मार्फत नियुक्ति पाएका वा यसै कार्यविधि वमोजिम अनुमति पाई नियुक्त हुने शिक्षक तथा कर्मचारी सम्झनु पर्दछ ।

## परिच्छेद-२

## शिक्षण अनुदान/कोटा उपलब्ध गराउने आधार

यस शान्तिनगर गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयमा रहेका दरबन्दिको आधारमा नपुग हुने विषयगत दरबन्दी देहायको आधारमा उपलब्ध गराइनेछ ।

### २.१. शिक्षण कोटा वितरणको आधारः-

क) विद्यालयमा सञ्चालित तह र कक्षा

ख) विद्यालयमा अद्ययनरत विद्यार्थी संख्या र विद्यालय सेवा क्षेत्र

ग) विद्यालयमा रहेको स्विकृत मौजुदा दरबन्दी संख्या

घ) विद्यालयमा पढाई हुने विषयहरु

ङ) साधारण तथा प्राविधिक धार

च) अन्य उपर्युक्त कारणहरु

### २.२. तहगत दरबन्दी संख्या

विद्यालयको विषयगत तथा तहगत शिक्षक आवश्यकताको आधारमा तथा विद्यालयको मागको आधारमा रहेर गाउँ शिक्षा समितिको निर्णयानुसार आवश्यकता र औचित्यताको परिधिमा गाउँपालिका अनुदान शिक्षक दरबन्दी कायम गरिनेछ । यो कार्यबिधि लागु हुनु भन्दा पहिले रहेका मौजुदा विद्यालयका निजी स्रोतका शिक्षक तथा कर्मचारीको कोटालाई समेत यसै कार्यबिधि बमोजिम गणना गरिनेछ ।

## परिच्छेद-३
## शिक्षक नियुक्ती प्रक्रिया

### ३.१ शिक्षक नियुक्ती प्रक्रिया

गाउँपालिका अनुदान शिक्षक नियुक्ती गर्दा देहायको मापदण्ड अबलम्बन गरिनेछ ।

क) २.१ मा रहेका विभिन्न मापदण्डको आधारमा गाउँ शिक्षा समितिको निर्णयानुसार प्रत्येक वर्षको लागि शिक्षण अनुदान कोटा निर्धारण गर्नुपर्नेछ ।

ख) कोटा उपलब्ध हुने निर्णयानुसार विद्यालयले गाउँ कार्यपालिकाको कार्यालयबाट विज्ञापनको अनुमति लिई स्थानीय पत्रपत्रिका मार्फत कम्तिमा १५ दिने बिज्ञापन खोल्नुपर्नेछ ।

ग) विषय कायम हुने सम्बन्धमा विद्यालयलाई आवश्यकता हुने किसिमले विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार कायम गर्न सकिनेछ । तर ६-१२ सञ्चालित विद्यालयले अङ्ग्रेजी, गणित, बिज्ञान, नेपाली र सामाजिक विषयलाई प्राथमिकता दिनुपर्नेछ।

घ) शिक्षकको योग्यता सम्बन्धमा प्रचलित कानुन बमोजिम हुनेछ।

ङ) बिज्ञापनको अबधि समाप्त भईसकेपछी पनी कुनै उमेद्वारको आबेदन नपरेमा वा परीक्षा उतिर्ण गर्न नसकेमा पुनः ७ दिने म्याद राखी खुला बिज्ञापन गर्नुपर्नेछ ।

च) शिक्षक छनौट समिति सम्बन्धमा प्रचलित कानुन बमोजिमको समिति मार्फत शिक्षक छनौट गरी माथिल्लो योग्यताक्रममा रहेका मुख्य उमेद्वारलाई बढिमा १ आर्थिक वर्षको लागि करारमा नियुक्तीको लागि विद्यालय व्यवस्थापन समिति समक्ष सिफारिस गर्नेछ।

छ) विषय बिज्ञ छनौट गर्दा गाउँपालिकामा सुचिकृत भएका मध्येबाट गर्नुपर्नेछ ।

ज) गाउँपालिकामा सुचिकृत नभएका विषयबिज्ञको हकमा गाउँपालिकाको समन्वयमा शिक्षा नियमावलीले तोकेको योग्यता पुगेका जिल्ला भित्रका अन्य विषयबिज्ञलाई गोलाप्रथा द्वारा छनौट गर्नुपर्नेछ।

झ) यो कार्यबिधी लागु हुनु पुर्ब कायम गरिएका अनुदान कोटा यसै कार्यबिधि बमोजिम तत विद्यालयमा कायम भएको मानिनेछ र निकासा भएको तलब समेत यसै कार्यबिधि बमोजिम निकासा गरिएको मानिनेछ ।

ञ) शिक्षक छनौट समितिबाट सिफारिस भएको उमेद्वारलाई विद्यालय व्यवस्थापन समितिले ३ दिन भित्र नियुक्ती दिनुपर्नेछ । नियुक्ती दिन ढिलाई गर्ने वा इन्कार गर्ने विद्यालयको कोटा अन्य विद्यालयलाई उपलब्ध गराइनेछ।

ट) करारमा शिक्षक नियुक्त भएको १५ दिन भित्र अभिलेखिकरणको लागि गाउँपालिकाको शिक्षा शाखामा फाईल दर्ता गराउनुपर्नेछ ।

ठ) शिक्षकको तलबभत्ता त्रैमासिक रुपमा विद्यालयको खातामा उपलब्ध गराईनेछ ।

ड) गयल भएको शिक्षकलाई तलब दिने, रिक्त भएको जानकारी नगराउने प्र.अ लाई तोकिए बमोजिम कारबाही गरिनेछ ।

ढ) गाउँपालिका अनुदानमा नियुक्त हुने वा भएको शिक्षकको सम्बन्धित तहको लाईसेन्स अनिवार्य भएको हुनुपर्नेछ ।

ण) साविकमा सामुदायिक विद्यालयको आन्तरिक स्रोतबाट करार पदमा नियुक्त भई हालसम्म निरन्तर कार्यरत रहेका तथा अब उप्रान्त गाउँपालिकाबाट अनुमति पाई करारमा नियुक्त हुने विद्यालय लेखा, कम्प्युटर अपरेटर, पुस्तकालय सहायक, खाजा व्यवस्थापक, विद्यालय सहयोगी, खाध्य सहजकर्ता तथा अन्य कर्मचारीहरु यसै कार्यविधि बमोजिम नियुक्त भएको मानिनेछ । त्यस्ता कर्मचारीको नियुक्ति, निरन्तरता तथा पारिश्रमिक भुक्तानीका लागि आवश्यक पर्ने कागजात तथा प्रमाणका आधारमा सम्बन्धित विद्यालयले अभिलेख अद्यावधिक गरी गाउँपालिकामा रकम माग गर्नुपर्नेछ ।

त) त्यसरी पेश भएका कागजात तथा अन्य अभिलेखका आधारमा गाउँपालिकाले आधारभूत तथा माध्यमिक तहका लागि गाउँसभाले तोकेको पारिश्रमिकका आधारमा सम्बन्धित तहको सामञ्जस्यता हुने गरि सम्बन्धित कर्मचारीको पारिश्रमिक रकम सम्बन्धित विद्यालयको बैंक खातामा गाउँपालिकाले निकासा गर्न सक्नेछ । सम्बन्धित विद्यालयले निकासा भएको विवरण रुजुगरी व्यक्तिगत खातामा भुक्तानी दिनेछ ।

## परिच्छेद-४

## गाउँपालिका अनुदान शिक्षक व्यवस्थापन

### ४.१. विद्यालयमा उपलब्ध गराइएको गाउँपालिका अनुदान कोटामा कार्यरत शिक्षकको कामकाज व्यवस्थापन देहाय बमोजिमको आधारमा गर्न सकिनेछ ।

क) गाउँपालिका अनुदानमा कार्यरत गाउँ शिक्षा समितिको निर्णायानुसार शिक्षकलाई निश्चित समयाबधि तोकेर वा अर्को व्यवस्था नहुञ्जेलको लागि कार्यरत विद्यालयबाट अर्को विद्यालयमा शिक्षणको लागि खटाउन सकिनेछ ।

ख) कुनै विद्यालयमा विद्यार्थि संख्यामा कमि भएको कारण गाउँपालिका अनुदान शिक्षकलाई केहि समयको लागि गाउँपालिका भित्रैकै अन्य विद्यालयमा कामकाजमा खटाउन यो कार्यबिधिको कुनै नियमले बाधा परेको मानिनेछैन ।

ग) कामकाजमा खटाउने निर्णय भएको शिक्षकलाई गाउँपालिकाको कार्यालयको शिक्षा शाखाले तोकिएको ढाँचामा पत्र उपलब्ध गराउनेछ ।

घ) खटाइएको शिक्षक (३) दिन भित्र अर्को विद्यालयमा रमाना भई जाने र खटिएको शिक्षकलाई निर्बाधरुपमा हाजिर गराई सो सम्बन्धिको सम्पुर्ण जानकारी शिक्षा शाखामा पठाइदिनुपर्नेछ।

ङ) कार्यालयको निर्णयानुसार कामकाजमा खटिन आनाकानी गर्ने तथा हाजिर गराउन इन्कार गर्ने शिक्षक तथा विद्यालयलाई शिक्षा समितिको निर्णयानुसार कारवाही हुनेछ ।

च) यो कार्यबिधि लागु हुनु पुर्ब प्रतिस्पर्धामा समावेश नभई विद्यालय व्यवस्थापन समितिको निर्णय मार्फत नियुक्ती भएका शिक्षकहरुलाई उमेरको हदबन्दी नलाग्ने गरी प्रचलित मापदण्डको आधारमा प्रतिस्पर्धामा सहभागि हुने व्यवस्थापन गरि उतिर्ण हुने उमेदवारलाई गाउँपालिका अनुदान शिक्षक पदमा नियुक्तीको लागि सिफारिस गरिनेछ। सो सम्बन्धमा गाउँ शिक्षा समितिको निर्णय मार्फत प्रक्रिया अगाडी बढाउनुपर्नेछ । प्रचलित मापदण्ड बमोजिम प्रतिस्पर्धामा सहभागि भई नियुक्त भएको शिक्षक यसै कार्यबिधि बमोजिम नियुक्त भएको मानिनेछ । प्रक्रिया अगाडि बढाउन ढिला भएको खण्डमा समेत यसै कार्यबिधि बमोजिम तलब निकासा गर्न कुनै बाधा पुगेको मानिनेछैन ।

च) विद्यालयले गाउँपालिका अनुदानमा कार्यरत शिक्षकको लागि गाउँपालिकाको शिक्षा शाखामा रहेको मापदण्ड बमोजिम व्यक्तिगत फाईल खडा गरी अभिलेखीकरणको लागि लेखि पठाउनुपर्नेछ ।

छ) शिक्षक व्यवस्थापन सम्बन्धमा गाउँ शिक्षा समितिले अन्य आवश्यक उपर्युक्त निर्णय गर्न सक्नेछ।

## परिच्छेद-५
## गाउँपालिका अनुदान रोक्का गर्न सकिने

### ५.१. विद्यालयमा उपलब्ध गराइने गाउँपालिका अनुदान रकम देहाय बमोजिमको अबस्थामा रोक्का वा निकासा बन्द गर्न सकिनेछ।

क) शिक्षक तथा कर्मचारीको स्थायी रुपमा दरबन्दी पदपुर्ती भएमा,

ख) संघ तथा प्रदेशबाट शिक्षक दरबन्दी तथा अनुदान थप भएमा,

ग) विद्यालय मर्ज वा तह वा कक्षा घटुवा भएमा,

घ) गाउँ शिक्षा समितिले अनुदान घटाउने निर्णय गरेमा,

ङ) पुनराबलोकन समितिको निर्णयानुसार,

## परिच्छेद-६
## शिक्षक आचार संहिता तथा कारवाही

### ६.१. गाउँपालिका अनुदानमा कार्यरत शिक्षकको आचार संहिताः-

**क)** गाउँपालिका अनुदानमा कर्यरत शिक्षकको आचार संहिता सम्बन्धमा प्रचलित कानुनले तोके बमोजिम हुनेछ र सो को कार्यान्वयन गर्नु प्रत्येक शिक्षकको कर्तव्य हुनेछ ।

**ख)** आचार संहिता उल्लंघन गर्ने, सामाजिक सद्भावमा आँच पुर्याउने किसिमले सामाजिक सञ्जालमा प्रस्तुत हुने, विद्यालयका गतिबिधिलाई अमर्यादित किसिमले अस्वभाविक दुष्प्रचार गर्ने, विद्यालयलाई असहयोग गर्ने, समयमा विद्यालयमा उपस्थित नहुने, विद्यार्थी प्रति जिम्मेवारी बहन नगर्ने तथा अन्य गैर

जिम्मेवारपुर्ण तरिकाले प्रस्तुत भएको र कारबाहीको लागि विद्यालय व्यवस्थापन समितिबाट सिफारिस भई आएमा गाउँ शिक्षा समितिले कम्तिमा १ महिना बराबरको तलब कारबाही स्वरुप उपलब्ध नगराउने निर्णय लिन सक्नेछ भने गलत ब्यबहार पुनः दोहोर्यामा सेवाबाट बर्खास्त गर्न सक्नेछ ।सेवाबाट बर्खास्त भएको शिक्षक पुनः गाउँपालिका अनुदान शिक्षक पदमा नियुक्तीको लागि ग्राह्य हुन सक्नेछैन।

**ग)** गाउँपालिका लगायत माथिल्लो निकायबाट हुने विद्यालय सुपरीबेक्षणको क्रममा विदा नलिई कुनै पनी शिक्षक अनियमित भएको देखिएमा सो शिक्षकलाई गाउँपालिकाले स्पष्टिकरण सोध्न सक्नेछ । समयमा स्पष्टिकरण पेश नगर्ने, पेश भएको स्पष्टिकरण समेत चित्तबुझ्दो नदेखिएमा निश्चित समयाबधि तोकेर गाउँपालिकाले निलम्बन गर्न सक्नेछ ।

**घ)** प्रत्येक शैक्षिक सत्र समाप्त भएको १ महिना भित्र विद्यालयमा कार्यरत सबै प्रकारका करार शिक्षकको वि.व्य.स. बाट म्याद थप गर्नुपर्नेछ । म्याद थप नभएमा शिक्षकको तलवभत्ता निकासा हुनेछैन । विना कारण म्याद थप नगर्ने वि.व्य.स.लाई तोकिए बमोजिम अन्य कारवाही गरिनेछ ।

## परिच्छेद-७
## विदा तथा अन्य सुबिधा

### ७.१ गाउँपालिका शिक्षण अनुदान शिक्षकको विदा तथा अन्य सुबिधाहरु देहाय बमोजिम हुनेछन ।

क) प्रत्येक महिनामा १ दिन विरामी विदा उपलब्ध हुनेछ ।

ख) विरामी विदा सोही शैक्षिक सत्र सम्म सञ्चित गर्न सकिनेछ । तर सञ्चित विरामी विदा बापत कुनै पनी आर्थिक सुबिधा भुक्तानी दावी गर्न पाइनेछैन ।

ग) सञ्चित विरामी विदा बापत कुनै पनि शिक्षक एकैपटक लगातार (५) दिन भन्दा बढि विदा बस्न मिल्नेछैन ।

घ) प्रसुती विदा प्रचलित कानुन बमोजिम पाइनेछ साथै सो अबधिमा विद्यालयको शिक्षण सिकाईलाई अफ्ठ्यारो नहुने गरी शिक्षण व्यवस्थापन गर्नुपर्नेछ । लामो समय सम्म प्रसुति विदामा बस्दा शिक्षणमा समस्या हुने देखिएमा वि.व्य.स.को निर्णयानुसार कुनै आंशिक शिक्षकलाई दैनिक ज्यालादारीमा विदा बसेको अवधिभर करार गर्न सकिनेछ । सो को आर्थिक व्यवस्थापन सम्बन्धित गाउँपालिका अनुदान शिक्षक र विद्यालयले मिलाउनुपर्नेछ ।

ङ) विदा अधिकार नभई सहुलियत मात्र हुनेछ ।

च) प्रसुति विदा बाहेक ५ दिन भन्दा बढि लगातार अन्य विदा बसेको देखिएमा विदा बसेको अबधिको तलब भत्ता उपलब्ध गराइनेछैन र सेवा निरन्तरता गर्न गाउँपालिका बाध्य हुनेछैन ।

छ) वार्षिक रु. १००००/- पोशाक भत्ता तथा बार्षिक १ महिना बराबरको तलब चाडपर्ब खर्च वापत उपलब्ध गराइनेछ। पोशाक लगाई शिक्षण सिकाई क्रियाकलापमा सहभागि हुनु सम्बन्धित शिक्षकको दायित्व हुनेछ।

ज) गाउँसभाबाट प्रयाप्त मात्रामा बजेट बिनियोजन नभएमा जुनसुकै बखत सेवा निरन्तरता दिन नसकिने व्यहोराको जानकारी सम्बन्धित विद्यालयलाई गाउँपालिकाले उपलब्ध गराउनुपर्नेछ।

झ) शिक्षकले आफै किरिया बस्नुपर्ने भएमा आफ्नो जात तथा धर्म सस्कृति अनुसारको किरिया विदा पाउनेछ। महिला शिक्षकको पति किरिया बस्नुपर्ने भएमा त्यस्तो महिला शिक्षकले पनि किरिया विदा पाउनेछ।

ञ) माथि उल्लेखित बाहेक अन्य प्रकारका विदा दाबि गर्न पाईनेछैन । कहिलेकाही काबु बाहिरको परिस्थिती सिर्जना भएमा सम्बन्धित विद्यालयले थप विदाको निर्णय लिन वा गाउँपालिका समक्ष सिफारिस गर्न सक्नेछ । विद्यालयबाट प्राप्त सिफारिसको आधारमा गाउँपालिकाले विदाको उचित निर्णय लिन सक्नेछ ।

## परिच्छेद-८
## विविध

**क) तलब भत्ता व्यवस्थापन** – गाउँपालिका शिक्षण अनुदान शिक्षकको तलब भत्ता सम्बन्धमा गाउँ सभाले तोके बमोजिम हुनेछ ।

**ख) पुनराबलोकन समितिः**- मौजुदा शिक्षक कोटालाई विद्यार्थि संख्या, विद्यालयको भौगोलिक अबस्था, कक्षा सञ्चालन तह लगायतका समसामयिक विषयमा केन्द्रित रहेर कोटा पुनराबलोकन तथा निर्धारण गरी सिफारिस गर्न देहायको एक समिति रहनेछ ।

समिति संयोजकः- प्रमुख प्रशासकीय अधिकृत
सदस्यः- शिक्षा समितिका महिला सदस्य (१) जना
सदस्यः- सामाजिक विकास समितिको संयोजक
सदस्यः- शिक्षक महासंघको अध्यक्ष (१) जना
सदस्य सचिवः- शिक्षा शाखा प्रमुख/प्रतिनिधी

पुनराबलोकन समितिको काम कर्तब्य र अधिकार यसै कार्यबिधिको अधिनमा रहि देहाय बमोजिम हुनेछ।

१) गाउँपालिका अनुदान शिक्षकको विद्यालयगत दरबन्दी तय गरी शिक्षा समितिमा पेश गर्ने ।
२) गाउँपालिका अनुदान शिक्षकको तलब भत्ता परिमार्जनको लागि शिक्षा समितिमा सिफारिस गर्ने ।
३) विद्यालय सुपरिबेक्षणको क्रममा कुनै विषय देखिएमा उपर्युक्त निर्णयको लागि शिक्षा समिति समक्ष सिफारिस गर्ने ।

४) गाउँपालिका अनुदान शिक्षक ब्यबस्थापन सम्बन्धमा तोकिए बमोजिम अन्य क्रियाकलापमा आवश्यक सहजिकरण गर्ने।

**ग) बाझिएमा अमान्य हुनेः-** यस कार्यबिधिको कुनै व्यवस्था प्रचलित कानुनसँग बाझिएमा बाझिएको हद सम्म कार्यबिधिको व्यवस्था अमान्य हुनेछ।

**घ) संसोधनः-** यस कार्यबिधिको कुनै पनि प्राबधान संसोधन वा खारेज गर्नुपर्ने भएमा सो सम्बन्धि अधिकार गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकामा निहित रहनेछ।

## अनुसुची-१

| शान्तिनगर गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयमा रहेको विद्यार्थी तथा दरबन्दि बिबरण | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | माद्यामिक तह | | निम्न माद्यामिक तह | | प्राथमिक तह | | गाउँपालिका अनुदान | | शिक्षण सिकाई अनुदान | | प्राबिधिक धार | उच्च माद्यामिक अनुदान | बालबिकास सहजकर्ता | विद्यालय कर्मचारी | जम्मा | जम्मा विद्यार्थी संख्या |
| S.N. | Name | स्विकृत दरबन्दि | राहत अनुदान | स्विकृत दरबन्दि | राहत अनुदान | स्विकृत दरबन्दि | राहत अनुदान | माद्यामिक | आधारभुत | माद्यामिक | आधारभुत | माद्यामिक | | | | | |
| 1 | Birendra Secondary School, Khilatpur | ० | ० | १ | २ | ४ | २ | २ | ० | ३ | ० | ० | ० | २ | २ | १८ | 385 |
| 2 | Madrassa Jayaululam Amuwa Pra V | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | ० | ० | १ | १ | ४ | 38 |
| 3 | Ambikeshwori Basic School, Amuwa | ० | ० | ० | ० | ५ | २ | ० | ३ | ० | १ | ० | ० | १ | १ | १३ | 176 |
| 4 | Rapti Ma. Vi. School Pedikhola | ० | ० | ० | ० | २ | १ | ० | ३ | ० | २ | ० | ० | १ | १ | १० | 189 |
| 5 | Balkalyan Basic School, Peda | ० | ० | ० | १ | ४ | १ | ० | २ | ० | १ | ० | ० | २ | १ | १२ | 136 |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 6 | Jana Kalyan Ma V Simsundarpur | ४ | १ | ४ | २ | ३ | २ | ० | २ | ० | ० | ८ | २ | २ | २ | ३२ | 640 |
| 7 | Shiva Pra V Simratipokhari | ० | ० | ० | ० | २ | १ | ० | ० | ० | ० | ० | ० | २ | १ | ६ | 43 |
| 8 | Saraswoti Basic School Baghkhor | ० | ० | ० | ० | २ | २ | ० | २ | ० | १ | ० | ० | १ | १ | ९ | 96 |
| 9 | Laxmi Adharbhut Vidyalaya, Harichar | ० | ० | ० | ० | २ | २ | ० | १ | ० | १ | ० | ० | १ | १ | ८ | 89 |
| 10 | Shahid Basanta Langhali Pra V Jyamire | ० | ० | ० | ० | १ | ० | ० | १ | ० | ० | ० | ० | १ | १ | ४ | 23 |
| 11 | Pra V Chapikot Pokharichaur | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | २ | 5 |
| 12 | Aadarsha Secondary School, Kasipur | ० | ० | ० | ० | ५ | १ | ० | ४ | ० | १ | ० | ० | १ | १ | १३ | 207 |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 13 | Ratri Pra V Ragaija | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | २ | १ | ५ | 87 |
| 14 | Radha Krishna Pra V Khaireni | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | 15 |
| 15 | Aadharbhut bidhyalay, Sundawari | ० | ० | ० | ० | ४ | १ | ० | ४ | ० | १ | ० | ० | २ | १ | १३ | 107 |
| 16 | Ma V Tulsipur Dhanauri | ० | ० | ० | ४ | ७ | ० | २ | १ | ३ | ० | ० | ० | २ | ४ | २३ | 451 |
| 17 | Shiva Shakti Ma V Dhanauri | २ | १ | १ | १ | ६ | १ | २ | २ | ० | ० | ० | ० | २ | २ | २० | 299 |
| 18 | Hattikhal Jana Shakti Pra V, Baisa | ० | ० | ० | ० | २ | २ | ० | ० | ० | ० | ० | ० | १ | १ | ६ | 78 |
| 19 | Shree B. P. Koirala Secondary School Bayale Simtara | २ | १ | ३ | ० | ५ | ३ | २ | १ | ० | ० | ८ | २ | २ | २ | ३१ | 789 |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 20 | Pra V Baghkhor | ० | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | ४ | 15 |
| 21 | Pra V Keraghari | ० | ० | ० | ० | २ | १ | ० | ० | ० | ० | ० | ० | १ | १ | ५ | 61 |
| 22 | Janata Pra V Bhalaneti | ० | ० | ० | ० | ३ | १ | ० | ० | ० | ० | ० | ० | २ | १ | ७ | 98 |
| 23 | Saraswoti Aa bi, Jumlekula | ० | ० | ० | ० | ३ | १ | ० | ३ | ० | ० | ० | ० | २ | २ | ११ | 79 |
| 24 | Buddha Ma V, Shantipur | ० | ० | ० | ३ | ६ | १ | २ | १ | ३ | ० | ० | ० | २ | २ | २० | 502 |
| 25 | Adharbhut vidhyalaya Bastikhola | ० | ० | ० | २ | ३ | १ | ० | २ | ० | ० | ० | ० | १ | १ | १० | 79 |
| | जम्मा | ८ | ३ | ९ | १५ | ७५ | २७ | १० | ३४ | ९ | ८ | १६ | ४ | ३७ | ३३ | २८७ | 4687 |

**आज्ञाले,**
**भिष्म कुमार मल्ल**
**प्रमुख प्रशासकीय अधिकृत**